# उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय प्रिति, रामेछाप

## आ.ब.२०८०/०८१ को चौथो त्रैमसिक कार्य प्रगती प्रतिवेदन

सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को भावना अनुरुप सार्वजनिक निकायले आफूबाट सम्पादन भएका कार्यक्रम र सो को प्रगति प्रतिवेदन नियमित सार्वजनिकीकरण गर्नु पर्ने दायित्वको रुपमा लिएको छ । त्यस्तै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमालवी, २०६५ मा सार्वजनिक निकायले सञ्चालन तथा सम्पादन गरेका कामको वार्षिक प्रगति समीक्षा गरी अभिलेख प्रकाशित गर्नु पर्ने व्यवस्था गरेको छ । यसैको पृष्ठभूमिमा उमाकुण्ड गाउँपालिकाले पनि सुशासन ऐन, २०७६ र सो सँग सम्वन्धित कार्यविधि जारी गरेको छ । उक्त ऐन र कार्यविधिमा भएको व्यवस्था बमोजिम सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी र जनसहभागितामूलक बनाई प्रभावकारी ढङ्गले सार्वजनिक सेवा प्रवाह गरी सुशासनको प्रत्याभूति दिने सम्बन्धमा आवश्यक कार्य गर्दै आएको छ ।

नागरिकलाई पालिकाबाट सञ्चालित हरेक कार्यक्रमको बारेमा जानकारी होस भनेर पालिकाको गतिविधिहरु सार्वजनिक गर्न स्थानीय रेडियोहरु मार्फत सम्पुर्ण सूचना तथा जानकारी यस नगरपालिकाको website: www.umakundamun.gov.np मा राख्नु, फेसवुक पेजमार्फत सार्वजनिक गर्नु, कार्यालयमा नागरिक वडापत्रको व्यवस्था गर्नु, गुनासो पेटिकाको व्यवस्था गर्नु, गुनासो सुन्ने र सूचना अधिकारीको व्यवस्था गर्नु त्रैमासिक एवं वार्षिक रुपमा सार्वजनिक सुनुवाई गर्नु र स्थानीय सञ्चार माध्यमबाट प्रकाशन गर्नुले नागरिकको सूचनाको हकको प्रत्याभूति गर्न सक्ने अवस्था सृजना भएको छ । यसै सन्दर्भमा यस उमाकुण्ड गाउँपालिकाबाट आर्थिक वर्ष २०८०/०८१ को चौथो त्रैमासिकमा सम्पादन भएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन तयार गरिएको छ ।

### १. सुरक्षित आप्रवासन कार्यत्रम (सामी)

**मनोसामाजिक परामर्श सेवा प्रदान**

| क्र.स. | केशको प्रकृति | सेवा प्रदान गरिएको सख्या | वडा नं. | कैफियत |
|---|---|---|---|---|
| | मनोपरामर्श सेवा | महिला ङ्ग१८<br>पुरुष २<br>जम्मा २० | 3/४/५र ६ | |

## वित्तिय साक्षरता तथा मनोपरामर्श समूह

| क्र.स | क्रियाकलाप | वडा नं. | समुह | कैफियत |
|---|---|---|---|---|
| १ | समूह फलोअप बैठक सञ्चालन | ४,५,६ | ४/ समुह मा १२ पटक | |
| २ | सहभागीहरुको फलोअप सर्वेक्षण फारम भरिएको | २ | ५ जना | ५ जनाको आ.व. २०७९/८० को समुह |
| ३ | सहभागीहरुको अन्तिम सर्वेक्षण फारम भरिएको | ४,५,६ | ४समुह /८५जना | |
| ४ | web हाजिर entry गरिएको | ४,५,६ | ४/समुह /८५ जना | |
| ५ | सहभागीहरुको अन्तिम सर्वेक्षण फारम kobo ईन्ट्री गरिएको | ४,५,६ | ४समुह /८५जना | |

| क्र.स. | रिर्टनी स्वयमसेवक | क्रियाकलाप | वडा नं. | सूचना दिएको सख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | याम बहादुर सुनुवार | बैदेशिक रोजगारमा गएका,जान लागेका र फर्किएकाहरुको लागि सुरक्षित बै.रो. सूचना प्रवाह | ४,५ | २०२ | |
| २ | हिरालाल श्रेष्ठ | | ६,७ | १४१ | |
| ३ | ईश्वर श्रेष्ठ | | १,२,३ | १६३ | |

## रिर्टनी स्वयमसेवक मार्फत समुदायमा सूचना प्रवाह

### २. महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

क. लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणGESI तथा लैङ्गिक उत्तरदायी बजेट GRB परिक्षण कार्यत्रम संचालन गरिएको।

ख. बालविवह न्यूनिकरण सम्बन्धि उमाकुण्ड गाउँपालिकाको निति निर्माण गर्न कार्यक्रम संचालन गरीएको।

ग. बरिष्ठ ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्त्रगत ८६ बर्ष पुगेका ६३ जनाज्येष्ठ नागरिकहरुलाई न्यानो कपडा फाईबर सिरक वितरण गरिएको ।

घ. आगमी आ.ब. २०८१/०८२ को निति तथा कार्यक्रम तयार गरिएको ।

ङ. लक्षित वर्गहरुको संकलित तथ्यांकहरुको विवरण विद्युतियकरण प्रणालीमा प्रवृष्ठिकरण गरियो ।

च. अपाङ्ग परिचय पत्र वितरण -३ जना "क" वर्ग, आमा समुह दर्ता -३ वटा र ज्येष्ठ नागरिक परिचय पत्र प्रतिलिपि उपलब्ध गराईएको -१ वटा ।

## ३. सूचना प्रविधि शाखा

क. गाउँपालिकामा सूचना प्रविधि प्रणाली स्थापना तथा सञ्चालन गर्नको लागि प्राविधिक सहयोग उपलब्ध ।

ख. गाउँपालिका भित्रको सम्पर्ण कार्यालयहरुका कर्मचारीहरुको व्यवस्थापनको लागि ई-हाजिरि जडान तथा प्रयोग सम्बन्धि अभिमुखिकरण कार्यक्रम प्रदान

ग. गाउँपालिकाको वेवसाइट, सामाजिक संजाल र ईमेललाई अद्यावधिक साथै सुचना प्रवाह

घ. विद्युतिय शासन स्थापनाको लागि आवश्यक उपकरणहरु (कम्प्युटर , ल्यापटप, प्रिन्टर, स्क्यानर, सर्भर, इन्टरनेट) को जडान, मर्मत तथा प्रयोग सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन

## ४. राजस्व शाखा

| आ.व. :२०८०/८१अवधी :२०८१/०१/०१-२०८१/०३/३१सम्म संकलन भएको राजस्व विवरण | | | | |
|---|---|---|---|---|
| क्र.सं. | संकेत | राजस्वसंकलन गर्ने कार्यालय | जम्मा | कैफियत |
| १ | ८०३२४५०१३०० | उमाकुण्डगाउँपालिका, रामेछाप | २६,४६,८९४.५२ | |
| २ | ८०३२४५०१३०१ | उमाकुण्डगाउँपालिका,१ नं. वडा कार्यालय, रामेछाप | १,४५,८६४.५६ | |
| ३ | ८०३२४५०१३०२ | उमाकुण्डगाउँपालिका,२ नं. वडा कार्यालय, रामेछाप | १,०६,६८८.०३ | |
| ४ | ८०३२४५०१३०३ | उमाकुण्डगाउँपालिका,३ नं. वडा कार्यालय, रामेछाप | ८६,९३०.९५ | |
| ५ | ८०३२४५०१३०४ | उमाकुण्डगाउँपालिका,४ नं. वडा कार्यालय, रामेछाप | २,३४,७६२.९१ | |
| ६ | ८०३२४५०१३०५ | उमाकुण्डगाउँपालिका,५ नं. वडा कार्यालय, रामेछाप | २,१८,४१४.९९ | |
| ७ | ८०३२४५०१३० | उमाकुण्डगाउँपालिका,६ नं. वडा कार्यालय, रामेछाप | १,४२,८२८.६९ | |

| | | | | |
|---|---|---|---|---|
| | ६ | | | |
| ८ | ८०३२४५०१३०७ | उमाकुण्डगाउँपालिका,७ नं. वडा कार्यालय, रामेछाप | ६८,६०५.०१ | |
| **जम्मा** | | | **३६,५०,९८९.६६** | |

## ५. पशुपन्छि विकास शाखा

क. कुकुर बन्ध्याकरण तथा रेबिज खोप शिविर सञ्चालन

ख. व्यावसायिक बधशाला र फ्रेस हाउस स्थापना

ग. दुग्ध संकलन केन्द्र व्यावस्थापन साथै डेरी स्थापना

## ६. न्यायिक समिति शाखा

क. समितिको नियमित बैठक संचालन तथा उजुरी उपर नियमित कार्य

ख. स्थानीय मेलमिलाप केन्द्रको अनुगमन

ग. आगमी आ.ब.२०८१/०८२ को निति तथा कार्यक्रम तयार साथै मेलमिलापकर्ताहरुको नविकरण तथा सुचिकृत गराएको ।

घ. वार्षिक प्रतिवेदन तयार ।

## ७. कृषी विकास शाखा

क. मौरी प्रर्वधन कार्यक्रम अन्तर्गत खाली मौरी घार वितरण गरीएको।

ख. एक घर एक करेसाबारी विस्तार कार्यक्रम अन्तर्गत माग अनुसारको टनेल र हजारी विवरण ।

ग. एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत सुन्तला पकेट कार्यक्रम संचालन ।

## ८. रोजगार सेवा केन्द्र

क. आयोजनाहरुको अनुगमन, मुल्यांकन र भुक्तानी

ख. रोजगार सेवा केन्द्रको आ.व. २०८१।०८२ को नीति तथा कार्यक्रम निमार्ण ।

ग. सुचीकृत बेरोजगारहरुको संख्याका आधारमा वडागत बजेट विनियोजन ।

घ. रोजगार संवाद मञ्च र स्थानीय रोजगार रणनिति सम्बन्धि कार्य ।

## ९. उद्योग विकास शाखा

| क्र.स. | विवरण | प्रगती | कैफियत |
|---|---|---|---|
| १ | उद्योग | १ | |
| २ | व्यावसाय इजाजत | १ | |

| | | | |
|---|---|---|---|
| ३ | व्यावसाय नविकरण | १८ | |
| ४ | उद्योग खारेजी | ५ | |
| ५ | व्यावसाय इजाजत खारेजी | १ | |
| ६ | खानेपानी मुहान दर्ता | १ | |
| ७ | फर्निचर प्रविधिऔजारसहयोग | १ | मागमा आधारीत मेसिन औजार वितरण |

## १०. स्वास्थ्य शाखा

क. सवै स्वास्थ्य संस्था तथा वडाहरुमा खानेपानी स्वच्छता जाँच ।

ख. सबै स्वास्थ्य संस्थाहरुको सामाजिक लेखा परिक्षण ।

ग. स्वास्थ्य शाखाको स्टोर ब्यबस्थापन तथा भाडा व्ववस्थापन ।

घ. २४ महिना सम्मको वच्चाले २३ पटक सम्म तौल अनुगमन गरेवापत वच्चा तथा आमालाई प्रोत्साहन रकम वितरण कार्यक्रम संचालन

ङ. उपाध्यक्ष संग सुत्केरी कोसेलि भेट कार्यक्रम संचालन

च. पुर्ण स्तनपान र समयमा ठोस आहार दिने आमा र वच्चालाई प्रोत्साहन कार्यक्रम संचालन

छ. मानसिक स्वास्थ्य कार्यक्रम संचालन

## ११. पुर्वधार तथा योजना शाखा

क. योजना अनुगमन, मुल्यांकन, बिलिङ साथै भुक्तानीका लागि सिफारिस

ख. आ,ब, २०८१/०८२ को निति तथा कार्यक्रमको निमार्ण

ग. आ,ब, २०८१/०८२ का लागि ठुला आयोजनाहरुका लागि विवरण संकलन

## १२. प्रशासन शाखा

क. कर्मचारी व्यवस्थापन, करार कर्मचारी छनोट तथा सिफारिस, विभिन्न निकायहरूमा समन्वय तथा विभिन्न प्रकृतिको सिफारिसहरू ।